जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३ जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

इ-पेपर हेर्नका लागि

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

साझेदारी

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

वर्ष : ११ अंक : १८६ २०८२ साल माघ ०९ गते शुक्रबार Friday 23, Jan. 2026 मूल्य रु. ५/- पृष्ठ : ४

# बाराका एक सय १२ जना उम्मेदवारहरूको उम्मेदवारी कायम




*कलैया स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय।* **फाईल तस्वीर**

*साझेदारी संवाददाता*
*कलैया, ८ माघ*

बाराका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारहरुको उम्मेदवारी कायम रहेको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि चार वटै निर्वाचन क्षेत्रमा मनोनयन दर्ता गराएका उम्मेदवारविरुद्ध कुनै पनि उजुरी नपरेपछि कुल एक सय १२ जनाको उम्मेदवारी कायम भएको मुख्य निर्वाचन अधिकृत प्रकाश कुमार अधिकारीले जानकारी गराएका छन।

गत माघ ६ गते मंगलबारका दिन कानुनी प्रकृयागत मनोनयन दर्ता गराउनेमा बारा निर्वाचन क्षेत्र नं. १ मा दलगत तथा स्वतन्त्र गरी २० जना उम्मेदवारहरु छन। यस्तै क्षेत्र नम्बर २ मा स्वतन्त्र र दललग गरेर २९ जनाले उम्मेदवारी दर्ता गराएका छन। क्षेत्र नम्बर ३ मा दलगत र स्वतन्त्र गरी २४ जनाले उम्मेदवारी दर्ता गराएका छन। क्षेत्र नम्बर ४ मा ३९ जना गरी जम्मा कुल एक सय १२ जना उम्मेदवारहरुको नामावली निर्वाचन अधिकृतको कार्यालयहरुले विहीबारले बिहीबार सूचना सार्वजनिक गरेको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार माघ ९ गते शुक्रबार दिउँसो १ बजेभित्र उम्मेदवारहरूले आफ्नो उम्मेदवारी फिर्ता लिन समय दिईएको जनाईएको छ। शुक्रबार दिउँसो १ देखि ३ बजेसम्म उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिनेछ र अपराह्न ४ बजे उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिने निर्वाचन कार्य तालिका रहेको मुख्य निर्वाचन अधिकृत अधिकारीले साझेदारी दैनिकलाई बताएका छन।

# सर्लाहीमा १५८ मतदानस्थल अतिसंवेदनशील

*बरहथवा, ८ माघ*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सर्लाहीमा १५८ मतदानस्थललाई अतिसंवेदनशील क्षेत्रका रुपमा राखिएको छ।

यहाँ रहेका चार निर्वाचन क्षेत्रमा ३१२ मतदानस्थल तोकिएको थियो। त्यसमध्ये १३१ संवेदनशील र २३ मतदानस्थललाई सामान्य समूहमा वर्गीकरण गरिएको हो। जिल्ला सुरक्षा समिति संयोजक एवम् प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाका अनुसार सबै मतदानस्थलको अनुगमनपछि तीन समूहमा वर्गीकरण गरिएको हो। निर्वाचन सुरक्षा रणनीति तयार गर्ने उद्देश्यसहित तयार पारिएको समूहअनुसार मतदानस्थलको सुरक्षा व्यवस्था सोहीअनुसार गरिने उहाँले बताउनुभयो। अनुगमनका क्रममा यहाँको सामाजिक, राजनीतिक, भौगोलिक तथा सीमावर्ती क्षेत्रका जोखिमलाई मूल्याङ्कन गरिएको प्रजिअ रामुराज कडरियाको भनाइ छ। सुरक्षा समितिको सिफारिसमा यसपटक केही मतदानस्थल र केन्द्र हेरफेर गरिएको जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलले बताउनुभयो। आसन्न निर्वाचनमा सर्लाहीका मतदाताले ३१२ मतदानस्थलमा स्थापना गरिने ६२८ मतदान केन्द्रमार्फत आफ्नो मत जाहेर गर्नेछन्। निर्वाचन कार्यालयका सर्लाहीका अनुसार क्षेत्र नं १, मा एक लाख ३० हजार ८७१ मतदाता रहेका छन्। यहाँ ७८ मतदानस्थल र १५७ मतदान केन्द्र तोकिएको छ भने क्षेत्र नं २, मा एक लाख २५ हजार ३११ मतदाताका लागि ७७ स्थानमा १५८ मतदान केन्द्र तय भएको छ। यस्तै क्षेत्र नं ३, मा एक लाख ३४ हजार ४१२ मतदाताका लागि ७६ मतदानस्थलमा १५९ मतदान केन्द्र स्थापना गरिने भएको छ भने ४ नम्बर निर्वाचन क्षेत्रमा एक लाख २१ हजार १२ जना मतदाताका लागि ८१ मतदानस्थलमा १५४ वटा केन्द्र रहने जिल्ला निर्वाचन अधिकारी पौडेलले जानकारी दिनुभयो। आसन्न निर्वाचनमा सर्लाहीबाट दुई लाख ७८ हजार ८३७ पुरुष, दुई लाख ३२ हजार ७५८ महिला र ११ अन्यसहित पाँच लाख ११ हजार ६०६ जना मतदाताले मतदान गर्नेछन्। विसं २०७९ को निर्वाचनपछि सर्लाहीमा २२ हजार ५९५ जना नयाँ मतदाता थपिएका छन्। रासस

# वीरगञ्जमा रेल्वे इतिहास जोगाउने संग्रहालय बनाईने

*साझेदारी संवाददाता*
*वीरगञ्ज, ८ पुस*

नेपालको मुख्य प्रवेशद्धारको रुपमा रहेको वीरगञ्जको बीपी उत्थान अगाडिको रेल्वे जग्गा अब इतिहास बोल्ने थलो बन्ने संकेत देखिएको छ।

वीरगञ्ज स्थित घण्टाघर नजिक रहेको उक्त स्थानमा जनकपुरबाट पुरानो रेल ल्याई सो स्थानमा रेल्वे संग्रहालय स्थापना गर्ने योजनालाई मूर्त रूप दिन बिहीबार स्थलगत निरीक्षण गरिएको हो।

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, महानगरको हरियाली संयोजक तथा सामुदायिक प्रहरी आदर्शनगरका अध्यक्ष प्रकाश खेतान, सरसफाइ अभियन्ता शिव गुप्तालगायतको टोलीले उक्त निरीक्षण गरिएको छ। सो अवसरमा टोलीले



*रेल्वेको जग्गाको निरिक्षण गर्दै।* **फाईल तस्वीर**

प्रस्तावित स्थलको अवलोकन गर्दै संग्रहालय स्थापनाका सम्भावना, आवश्यक प्रक्रिया र कार्यान्वयनको ढाँचाबारे छलफल गरेका छन्।

रेल्वे संग्रहालय स्थापना भएपछि वीरगञ्जको ऐतिहासिक महत्व थप उजागर हुने र आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने अपेक्षा गरिएको छ। संग्रहालयले पुरानो रेल्वे इतिहासलाई जीवन्त बनाउने मात्र होइन, नयाँ पुस्तालाई देशको यातायात विकास यात्राबारे जान्ने अवसर पनि प्रदान गर्ने महानगर प्रमुख सिंहको भनाई छ।

यसैबीच, संग्रहालयसँगै आसपासको क्षेत्रलाई व्यवस्थित, हराभरा र आकर्षक बनाउने योजनाबारे समेत छलफल भएको जनाईएको छ। महानगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गर्दै आवश्यक प्रक्रिया अघि बढाई परियोजनालाई छिट्टै कार्यान्वयनमा लैजाने तयारी थालेको नगरप्रमुख सिंहले बताए।

# निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न अनुरोध

*काठमाडौँ, ८ माघ*

राष्ट्रिय बालअधिकार परिषद्ले निर्वाचनका समयमा बालबालिकाको प्रयोग गर्न/गराउन नहुने वातावरण सुनिश्चित गर्न अनुरोध गरेको छ।

परिषद्ले आज विज्ञप्ति जारी गरी आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको अवधिभरः निर्वाचन हुने दिन

**बाँकी तेस्रो पृष्ठमा**

# उम्मेदवारी दर्तापछि बारामा उम्मेदवारको घरदैलो अभियान सुरु

## मतदाता भेट्न टोल-टोलमा सक्रिय भए दल र स्वतन्त्र उम्मेदवार

*साझेदारी संवाददाता*
*कलैया, ८ माघ*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बारा जिल्लामा उम्मेदवारी मनोनयन दर्ता सम्पन्न भएसँगै उम्मेदवारहरू मतदाता भेट्न घर-घर पुग्न थालेका छन्। औपचारिक चुनावी प्रचार-प्रसार सुरु हुनुअघि नै जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवार र तिनका समर्थकहरू टोल-टोल, गाउँ-बस्तीमा पुगेर मतदातासँग प्रत्यक्ष संवादमा जुटेका हुन्।



राजनीतिक दलका उम्मेदवारसँगै स्वतन्त्र उम्मेदवारहरूले पनि मतदातालाई रिझाउन घरदैलो कार्यक्रमलाई प्राथमिकता दिएका छन्। उम्मेदवारहरूले मतदाताको घरमा पुगेर अभिवादन गर्ने, स्थानीय समस्या सुन्ने तथा आफ्ना एजेन्डा संक्षेपमा राख्ने गतिविधि तीव्र बनाएका छन्। यसपटकको निर्वाचनमा प्रत्यक्ष संवादमार्फत मतदाताको विश्वास जित्ने प्रयास बढेको देखिन्छ।

घरदैलो भेटघाटमा सक्रिय हुने उम्मेदवारहरूमा बारा निर्वाचन क्षेत्र नम्बर ३ बाट नेकपा एमालेका उम्मेदवार कृष्णकुमार (किसान) श्रेष्ठ, नेपाली कांग्रेसका उम्मेदवार श्यामबाबु गुप्ता, फरमुल्लाह मन्सुर तथा एमालेकी उम्मेदवार ज्वालाकुमारी साह रहेका छन्। उनीहरूले बिहीबारदेखि नै विभिन्न गाउँ-टोलमा भेटघाट कार्यक्रम सुरु गरेका छन्।

भेटघाटका क्रममा उम्मेदवारहरूले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, सिँचाइ, सडक तथा खानेपानीजस्ता दैनिकीसँग प्रत्यक्ष जोडिएका विषयलाई आफ्ना प्रमुख एजेन्डा बनाएका छन्। यद्यपि, अघिल्ला निर्वाचनझैं यसपटक पनि आश्वासन र प्रलोभनका कुरा दोहोरिन थालेको मतदाताको गुनासो छ।

बाराका मुख्य निर्वाचन

**बाँकी तेस्रो पृष्ठमा**

एक–आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं ।

फेटा गाउँपालिकाको कार्यालय,फेटा बाराद्वारा जनहितमा जारी सन्देश

**साझेदारी राष्ट्रिय दैनिकका लागि**

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००
Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com

## सम्पादकीय.....

# सामाजिक उत्तरदायित्व निर्वहन गर्न आवश्यक

नेपालमा पछिल्लो दशकदेखि एउटा शब्द धेरै चर्चामा रहेको छ। सो शब्द भनेको सामाजिक उत्तरदायित्व। यद्यपि यस्तो उत्तरदायित्वको भावनाले परापूर्व कालदेखि काम गरिरहेको थियो।गोप्य रुपमा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने मानिस संस्था व्यापारिक घराना समेत रहेकाछन्। जो चुपचाप विना नामको गोप्य चन्दा दिने गर्छन्। जुन चन्दाको बलमा विभिन्न किसिमको जनउपयोगी काम हुने गर्छ। विभिन्न धार्मिक संस्थाले गोप्य चन्दाको बलमा भोजन उपलव्ध गराउँदै आएका छन्। अस्पताल लगायतमा निशुल्क भोजन गराउँदै आएका छन्। विभिन्न संघ संस्थामा योगदान दिदै आएकाछन्। नेपाल सरकारले सामाजिक उत्तरदायित्व निर्वहन गर्न ध्यान दिन भने यता संघ संस्था तथा उद्योग लगायतकाले सामाजिक उत्तरदायित्व अन्तर्गत योगदान गर्दै आएकाछन्। बैंक लगायतकाले समेत सामाजिक उत्तरदायित्व भन्दै स्थापना दिवसको अवसरमा विभिन्न कामहरु गर्दै आएकाछन्। यस अन्तर्गत स्वास्थ्य शिवीर समेत आयोजना गरेर नागरिकको सेवा गरिरहेका छन्। यसलाई सामाजिक उत्तरदायित्व भन्ने गरिएको छ।

यसै सन्दर्भमा सामाजिक उत्तरदायित्व अन्तर्गत एक उद्योगले न्यानो कपडा वितरण गरिएको छ। चिसो मौसमलाई दृष्टिगत गर्दै जीतपुरसिमरा उपमहानगरपालिका(७, जीतपुरमा रहेको शिवशक्ति ध्यु उद्योगले न्यानो कपडा अन्तर्गत न्यानो कम्बल वितरण गरेको हो। उद्योगले एक सय १० घरधुरीलाई न्यानो कम्बल वितरण गरेको छ।जितपुर सिमरा उपमहानगरपालिकाको वडा नं. ७ भित्रका दलित, विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारलाई प्राथमिकतामा राखी कम्बल वितरण गरिएको हो। उद्योगले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक वर्ष जाडोयाममा यस प्रकारका राहत सामग्री वितरण गर्दै आएको छ। चिसोका कारण बालबालिका, वृद्धवृद्धा तथा कमजोर वर्गलाई स्वास्थ्य समस्या नहोस् भन्ने उद्देश्यले कम्बल वितरण कार्यक्रमलाई उद्योगले निरन्तरता दिएको हो। शिवशक्ति ध्यु उद्योगको यो सामाजिक कार्य हो। निजी उद्योगले समुदायप्रति देखाएको सहयोग प्रशंसनीय रहेको छ। यस्ता कार्यले समाजमा सकारात्मक सन्देश जाने गर्छ। उद्योगले यसअघि पनि शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ।

विगत दुई वर्षदेखि वडा भित्र रहेको फकिरा गिरी(राजेश्वर गिरी माध्यमिक विद्यालयमा शिक्षक अभाव पूर्ति गर्न तलबको व्यवस्था उद्योगले गरिदिएको थियो। शिक्षा, स्वास्थ्य र विपन्न समुदायको जीवनस्तर उकास्न यस्ता सामाजिक कार्य प्रभावकारी हुने गर्छ। जीवनलाई केही सह जगर्न सहयोग हुन सक्छ।स्थानीय बासिन्दाहरूले चिसो मौसममा राहत महसुस भएको कम्बलले दिएको छ। उद्योगको सहयोगले कठिन अवस्थामा रहेका परिवारलाई ठूलो सहारा पुगेको छ। सामाजिक उत्तरदायित्व कम्बल वितरण, स्वास्थ्य शिवीरको आयोजना गरेर, संघ संस्थालाई सहयोग गरेर मात्र निर्वहन हुन्छ भनेर सुनिश्चित हुदैन। सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नुपर्ने कुरा धेरै रहेको छ। रोजगारी दिनु पनि एक उत्तरदायित्व नै हो। गर्नुपर्ने कुरालाई प्राथमिकतामा राखि काम गर्न आवश्यक छ। सामाजिक उत्तरदायित्व आफैले निर्धारण गर्न सक्नुपर्छ। सबैले आफ्नो तवरबाट सामाजिक उत्तरदायित्व निर्वहन गर्न आवश्यक छ।

# मानव इतिहास खोजिँदै, भेटिए भाँडाका टुक्रा

दीपक बोहरा

*तुलसीपुर, ८ माघ*

चुरे क्षेत्रकोबीचमा पर्ने दाङ तुलसीपुर उपमहानगरपालिका-१३ स्थित 'तुई' उपत्यकामा मानव सभ्यताको इतिहास खोज्न थालिएको छ। तीन विदेशी नागरिकले पहिले नै अनुसन्धानसमेत गरिसकेको अवस्थामा विश्वमै चर्चामा रहेको सोही क्षेत्रलाई पर्यटकीय हिसाबले पनि अगाडि बढाउन सकिने भन्दै त्यसको इतिहास खोज्न थालिएको हो। धेरै वर्षअघि मानिसले चुरे क्षेत्र नै बासस्थान रोजेकाले पनि विदेशीहरुले दाङको चुरे क्षेत्रमा मावन इतिहास खोजेका थिए। सोही ठाउँमा तुलसीपुर उपमहानगरपालिकाले पनि मानव इतिहास खोज्न थालेको हो। सोही क्रममा उपमहानगरपालिकाले तुई उपत्यकाको सांस्कृतिक र पुरातात्विक प्रारम्भिक सर्वेक्षणसमेत गरेको छ। सर्वेक्षणका क्रममा त्यतिबेला मानिसले प्रयोग गरेका भाँडाका टुक्रा भेटिएका थिए।

अनुसन्धनकर्ता प्राडा डिल्लीराज शर्मा र अशोक थारुले अनुसन्धान गर्दा त्यस्ता सामग्री फेला परेका हुन्। जुम्लिकोट, खुनखुने, नौखाने तालको डाँडो, गिढन्यासहितका स्थानबाट त्यस्ता सामग्री फेला पारेर ल्याइएको अनुसन्धानकर्ता डा. शर्माले बताउनुभयो। "हामीले अनुसन्धान गर्दा प्रस्तरका टुक्रा तथा माटाका भाँडाका टुक्रा फेला परे", उहाँले भन्नुभयो, "यस आधारबाट यो क्षेत्र ढुङ्गे युगका मानिसको बासस्थान रहेको अनुमान गर्न सकिन्छ।" उहाँहरुले गिधनिया, मझकटुवा, रनीयापुर, झाँक्री ढुङ्गा, जन्ति ढुङ्गा, सीता डेहरी जुम्लीकोट, विगुले ढुङ्गा र राजाकोटमा अनुसन्धान गर्नुभएको थियो। पूर्वी रनियापुरको देवली पुज्ने डाँडोमा केही प्रस्थरका र अधिकांश माटाका भाँडाका टुक्राहरुसहित शत्रुलाई प्रहार गर्नसक्ने अग्रभाग तिखो रहेका औजारसमेत भेटिएका थिए। त्यस्तै साना चेप्टा आकारका औजारमा अगाडि तिखो धार पनि रहेका थिए। तुलसीपुर उपमहानगरपालिकाको आर्थिक सहयोगमा सो अध्ययन प्रतिवेदन तयार गरिएको हो। यसअघि सन् १९७८ मा रवर्ट एम वेस्ट, सन् १९८२ देखि १९९२ मा गुडरन कर्भिनस, १९९२ देखि १९९५ सम्म रेण्डि हलेण्डले सोही स्थानमा अध्ययन गरेका थिए। एक हप्ताको स्थलगत अध्ययनपछि प्रतिवेदन तयार पारिएको डा शर्माले बताउनुभयो। उहाँका अनुसार ब्यापक अतिक्रमण र प्राकृतिक प्रकोपले गर्दा पूर्खाले सिर्जना गरेका ढुङ्गाका सामग्री दिनानुदिन लोपहुँदै गएको उहाँको भनाइ छ।

**कहाँ के भेटिए ?**

विगतमा विदेशीहरुले गरेको अनुसन्धानका क्रममा बराखुट्टीबाट कर्भिनसले पालिसदार प्रस्तर औजारका साथै माटाका भाँडाकुँडासमेत भेटिएका थिए। यसले गर्दा ती स्थानलाई पछिल्लो ढुङ्गे युगको अन्तिम चरणमा मानवले आफ्नो बासस्थानको विनाश गर्नुका साथै माटाका भाँडाको निर्माण गर्न थालेको हुनसक्ने डा. शर्माले अनुमान गर्नुभयो। उहाँका अनुसार मझघट्वाको खुनखुन्याडाँडामा केही समयअघि स्थानीय बासिन्दाले एउटा भुर्की र ढुङ्गाको सिलौटोसमेत भेटाएका थिए। त्यहाँ यसपटक पनि खस्रोपन भएका माटाका भाँडा भेटिएका थिए। त्यस्तै गिधन्यामा केही समयअघि भेटिएका प्राग्ऐतिहासिक उपकरणहरु हाल राष्ट्रिय सङ्गहालयमा पनि राखिएको छ। त्यहाँ च्याण्डी हालैण्डले अनुसन्धान गर्दा नवपाषाणकालीन औजारहरु भेटिएको थियो। त्यस्तै मध्ययुगीन अवधि र पछिल्लो ढुङ्गेयुग अवधिका प्रस्तर औजार भेटिएका थिए। गुडरन कार्विनस्ले पनि त्यहाँ पाषाण औजारहरु प्राप्त गरेको कुरा उल्लेख रहेको डा शर्माले बताउनुभयो। त्यस्तै पूर्वी रणियापुरको देवली पुज्ने डाँडोमा पनि च्याण्डी हलैण्ड र गुडरन कार्विनसले पूर्व र मध्यपाषाण औजार फेला पारेको प्रतिवेदनमा उल्लेख गरेको डा शर्माको भनाइ छ। उहाँका अनुसार कोतर्ने, छेड्नेका साथै कलकबाट बनेका औजार भेटिएका थिए।

बराखुट्टीमा पनि सन् १९९३ मा च्याण्डी हलैण्डले प्रस्तरका औजार भेटाएको प्रतिवेदनमा उल्लेख छ। त्यहाँ नवपाषाणकालीन काल अघिका छ वटा बञ्चरा, पाँच वटा स्टोन भेटिएका थिए। सोही ठाउँमा तीन वटा ढुङ्गाको र बाँकी माटाका भाँडाका १७ वटा औजार भेटिएका थिए। हलैण्डले त्यहाँ पाँच वटा ठाउँ रहेको उल्लेख गरेकी थिइन्। त्यस्तै जन्ती ढुङ्गा अहिले पनि देख्न सकिन्छ। जहाँ जन्ती लोप भएर त्यस्ता ढुङ्गा भएको भन्ने किम्बदन्ती भए पनि प्राग्ऐतिहासिककालमा दाङ र तुई उपत्यका तलाउको रुपमा रहेको प्रमाणित भइसकेकाले त्यही तलाउको पानीको छालले ढुङ्गा खिइएर अनौठो आकारका बनेको मान्न सकिने डा शर्माले बताउनुभयो। उहाँका अनुसार सन् १९७८ मा रोवर्ट एम बेष्टको टोलीले चुरेको अध्ययन गर्दा सोही ठाउँबाट माछा, गोही, कछुवालगायतका जलप्राणीका अवशेष फेला परेका थिए।

दाङको दक्षिणतर्फका चुरेबाट वेष्टको टोलीले माछाका अश्मिभूत अवशेष प्राप्त गरेका थिए। यसले गर्दा दाङ उपत्यकामा पहिलो तालको रुपमा रहेको भन्न सकिएको डा शर्माले बताउनुभयो। चुरे पहाडकै अध्ययनको सिलसिलामा सन् १९७८ मा वेष्टको टोलीले तुई उपत्यकालाई नै केन्द्र बनाएको थियो। त्यतिबेला १७ वटा स्थानबाट ५२ वटा डडाल्नुयुक्त जनावरको अवशेष फेला परेको थियो। दाङको चुरे क्षेत्र दुई किलोमिटरको चौडाइमा फैलिएको छ। दाङ उपत्यकामा रहेका चुरे शृङ्खलालाई ४० लाखदेखि एक करोड २० लाख वर्ष अगाडिको मानिएको छ।

**प्रचार नहुनु दुःखद्**

तुई दाङमै यस्ता महत्वकास्थल भए पनि जनमानसमा प्रचारप्रसार नहुनु दुःखद् भएको अनुसन्धानकर्ता अशोक थारुले बताउनुभयो। ऐतिहासिकस्थलका रुपमा रहेका ती क्षेत्र अतिक्रमणमा पर्नुले इतिहास नै मेटिने खतरा रहेकाले यसतर्फ सरकार सचेत हुनुपर्ने उहाँको भनाइ छ। त्यस्तै एतिहासिक ठाउँहरुलाई पाठ्यक्रममा समावेश गर्नुपर्नेसमेत उहाँले बताउनुभयो। एतिहासिक ठाउँ भए पनि मानव बस्ती विकास, वनमा वृक्ष बढ्दै जानु तथा प्राकृतिक कारणले इतिहास नै लोप भइरहेकाले यसतर्फ सचेत हुनुपर्नेमा अनुसन्धानकर्ता थारुको जोड छ। उहाँ भन्नुहुन्छ, "यसलाई संरक्षण गर्ने दायित्व पनि हाम्रै हो, यसतर्फ सबै तहको सरकार र सरोकारवालाले पनि चासो दिन आवश्यक छ।"

दाङमा यसअघि नै विदेशीहरुले अनुसन्धान गरिसकेकाले त्यसकै आधारमा थप अध्ययन गरेर पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताउनुभयो। उहाँका अनुसार ऐतिहासिक वस्तु भेटिएका स्थानको छनोट र संरक्षण गर्नका लागि पनि यस्तो अध्ययन गरिएको उहाँको भनाइ छ। ती स्थानको संरक्षण गरेमा नयाँ पुस्ताले पनि अध्ययन गर्नसक्ने नगरप्रमुख खड्काले बताउनुभयो। उहाँले भन्नुभयो, "यसअघि गरिएका अध्ययनलाई आधार बनाएर हामीले पनि केही थप तथ्य भेटाएर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ कि भनेर थप अध्ययन गरेका हौं।" तुई उपत्यकाको सभ्यता, इतिहासलाई जोगाउन सकियो भने त्यसले यहाँको पर्यटकीय विकासलाई टेवा पुऱ्याउने भन्दै त्यसतर्फ आफू लागेको उहाँको भनाइ छ। तुई बबई नदीदेखि दक्षिणतर्फ रहेको छ। त्यस्तै फुलवारीमै तुइखोला र आमखोली भन्ने खोलाहरु पनि छन्। बराखुट्टी र गिधनियामा पहेँलो रङको ग्राबेल छ भने अन्य स्थानमा खुकुलो माटो रहेको छ। जुन खेतीपातीका लागि उपयुक्त स्थान रहेको छ। रासस

# आमाहरुको निर्वाचन प्रहरी बन्ने रहर

राजेन्द्र प्रसाद पनेरु

*वीरगञ्ज, ८ माघ*

पर्साको विन्दवासिनी गाउँपालिका- १ स्थायी घर भएकी शिशकुमारीदेवी विनिन् तेस्रो पटक निर्वाचन प्रहरी बन्ने अभिलासासहित वीरगञ्जको नारायणी रङ्गशालामा शारीरिक अभ्यासको लागि जुटिरहनुभएको छ।

उमेरले ५३ वसन्त पार गरेकी तीन सन्तानकी आमा रहनुभएकी उहाँ रहरले भन्दा पनि परिवारको आर्थिक अवस्थाको कारणले निर्वाचन प्रहरीमा होमिनु परेको सुनाउनुहुन्छ।"यो उमेरमा रहरले त के हुन्थ्यो र ! परिवारको बिहान-साँझको गर्जो टार्नकै लागि भए पनि निर्वाचन प्रहरीमा आएकी हुँ," उहाँले भन्नुभयो,"यसअघिका दुई पटकको चुनावमा म्यादी प्रहरीको अनुभ भइसकेकाले पनि यो पटक पनि छनोट हुने आशा लिएकी छु।"

तीन सन्तानमध्ये एक छोरा नौ कक्षा र अर्को छोरी पाँच कक्षामा अध्ययनरत रहेका छन्। अर्को छोरा भने सवारीदुर्घटनामा परेर ढाड नचल्ने समस्याबाट गुज्रिरहेका छन्। उहाँको पति भने खेती किसानी गर्दै आइरहनुभएको छ। घाइते छोराको उपचारार्थ केही रकम जोहो गर्नकै लागि भए पनि निर्वाचन प्रहरी बन्न लागेको उहाँ बताउनुहुन्छ।

"अघिल्ला दुई निर्वाचनमा त छनोट भएकी थिएँ। यसपालि के हुने हो हेरौं" उहाँले भन्नुभयो,"आफू निर्वाचन प्रहरीमा छनोट भएको खण्डमा निर्वाचनलाई राम्रोसँग अघि बढाउने रहर छ।"

अहिले पर्सा जिल्लामा निर्वाचन प्रहरी बन्ने दौडमा विनिन मात्रै नभएर ३२ वर्षे दुई सन्तानकी आमा तेतरीदेवी चमार पनि कसरत गरिरहनुभएको छ। स्थायी घर पर्साको पोखरिया नगरपालिका घर भएकी उहाँको जसरी पनि निर्वाचन प्रहरी बन्ने सपना देखेर आएको बताउनुभयो। "निर्वाचन प्रहरी भएर खटिँदा देशको सेवा पनि हुने केही रकम आम्दानी पनि हुने देखेर आएकी हुँ," उहाँले भन्नुभयो,"निर्वाचन प्रहरी बनेर छोराछोरीको पढाइखर्च जुटाउन केही सहज होला कि भनेर आएकी हुँ।"

वीरगञ्जको नारायणी रङ्शालाको मैदानमा विनिन र तेतरीदेवी मात्रै नभएर पर्साको बहुदरमाई नगरपालिका-९ मा बसोबास गर्ने दुई छोराकी आमा चन्द्रमादेवी पनि निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्गशालामा उत्रिनुभएको छ। "आर्थिक अवस्था कमजोर भएकाले नै नर्सरीमा पढ्ने छोरालाई छाडेर निर्वाचन प्रहरी बन्ने दौडमा लागेकी छु," उहाँले भन्नुभयो,"निर्वाचन प्रहरी भएर देशको सेवाको साथसाथै केही अर्थोपार्जन पनि हुने भएकाले आएकी हुँ।" उहाँले आफ्नो एउटा छोरो कक्षा आठ र अर्को छोरो नर्सरीमा अध्ययनरत रहेको बताउनुभयो। उहाँको पति भने फोहरमैला व्यवस्थापनसम्बन्धी काम गर्दै आउनु भएको छ। अन्य विभिन्न उमेर समूहका पुरुष तथा महिला निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्शालामा शारीरिक अभ्यासमा सहभागी भएका छन्। तिनैमध्ये १९ वर्षे युवती कुशुकुमारी पनि निर्वाचन प्रहरी बन्न कसरत गरिहनुभएको छ। "फागुन २१ गतेदेखि हुने चुनावलाई सफल गराउन र केही रकम भए पनि कमाउनको लागि निर्वाचन प्रहरी बन्न आएकी हुँ," उहाँले भन्नुभयो, "हामी जस्तै जेनजी उमेर समूहका साथीहरुले आन्दोलन शहादत प्राप्त गर्नुभयो, हामी भने निर्वाचन सफल गराउन र तिनै सहिदहरुको चाहना पूरा गराउन सहभागी भएका हौं।" पर्साको बहुदरमाई नगरपालिका-७ विश्रामपुरका २४ वर्षे युवा अमृत महतो पनि निर्वाचन प्रहरी बन्ने अभिलासा बोकेर शारीरिक छनोटमा जुट्नुभएको छ।

"म यसअघि वनरक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा जवान बन्नका लागि दुई-तीन पटक प्रतिस्पर्धा गरिसकेँ तर अहिलेसम्म सफलता हात पार्न सकेको छैन," उहाँले भन्नुभयो। "एकपटक निर्वाचन प्रहरी बनेर देशको सेवा पनि गरौं भन्ने चाहनाले आएको महतोले बताउनुभयो।

निर्वाचन प्रहरीको अनुभवले प्रहरी जवान बन्नका लागि पनि केही सहयोग होला कि भन्ने उहाँको बुझाइ रहेको छ। रासस

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

## निर्वाचनमा....

अगाडि, निर्वाचनको दिन र निर्वाचन भए पछाडिको निर्वाचनसम्बन्धी कार्यक्रममा बालबालिकाको प्रयोग गर्न गराउन नहुने वातावरण सुनिश्चित गर्न अनुरोध गरेको हो ।

बालबालिकाको अधिकार तथा हकहितको संरक्षण, सम्वर्द्धन, सम्मान र परिपूर्ति सुनिश्चित गर्न गराउन निर्वाचनको प्रचारप्रसार, जुलुस तथा विजयोत्सवलगायत कार्यमा सबै राजनीतिक दल, दलका भ्रातृ सङ्गठन र उम्मेदवारहरुले बालबालिकाको प्रयोग गर्न/गराउन नहुने वातावरण सुनिश्चित गर्नुपर्नेमा परिषद्को जोड छ ।

परिषद्ले विद्यमान बालबालिका र निर्वाचनसम्बन्धी कानुनी व्यवस्था र निर्वाचन आचारसंहिता, २०८२ मा भएको व्यवस्थाबमोजिम १८ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई कुनै पनि राजनीतिक दल वा उम्मेदवारले चुनावसम्बन्धी प्रचारप्रसार, स्वागत तथा सम्मान, आमसभा, कोणसभा जुलुस, अभियान तथा बैठकमा सहभागी गराउन र त्यस्ता दल, सङ्गठन वा समूहमा सङ्गठित हुन निषेध गरेको पनि उल्लेख गरेको छ । रासस

## वैदेशिक....

पत्रकार बबिता बस्नेतले वैदेशिक रोजगारका विषयमा मिडियाको दृष्टिकोणबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्रमा वैदेशिक रोजगारका विषयमा प्रायः नकारात्मक समाचारलाई प्राथमिकता दिइने गरिएको र सकारात्मक विषयहरु उठान गर्न चुकेको निस्कर्ष थियो । पौरखी नेपालका अध्यक्ष सत्राकुमारी गुरुङले विदेशबाट फर्किएपछि समाजमा आफूले सुरुका दिनमा भोगेको मनोवैज्ञानिक विभेद सुनाउनुभएको थियो । रासस

## उम्मेदवारी....

अधिकृतको कार्यालयका अनुसार उम्मेदवारी दर्ता प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएपछि हाल दल तथा उम्मेदवारहरूले निर्वाचन आचारसंहिता पालना गर्दै अनौपचारिक भेटघाट र जनसम्पर्क गतिविधि गरिरहेका छन्।

निर्वाचनको समय नजिकिँदै जाँदा सम्भावित भिडभाडलाई ध्यानमा राख्दै सुरक्षा निकायले निगरानी बढाएको जनाएको छ।

मनोनयन दर्तापछि सुरु भएको घरदैलो अभियान र अन्य निर्वाचन गतिविधिले बारा जिल्लामा क्रमशः चुनावी माहोल थप तातेको स्थानीय मतदाताहरू बताउँछन्।



श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय
चरमोहना बारा-२ (बारा), हाल सुवर्ण गा.पा.-१
स्था. २०४०

प.सं. २०८२/०८३
चलानी नं. ९४

मिति :- २०८२/१०/०२

विषय:- विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको प्रा.शि. (राहत अनुदान सेवा) पद संख्या १ (एक) मा खुल्ला प्रतियोगिता द्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यस विद्यालयका विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०९/२५ गतेको निर्णय तथा श्री सुवर्ण गाउँपालिकाको कार्यालय कवहीगोठ (बारा)को पत्र संख्या ०८२/०८३ च.नं.११२६ मिति: २०८२/०९/०६ गते र श्री शिक्षा विकास तथा समन्वय इकाइ बारा कलैयाको पत्र संख्या ०८२/८३ च.नं.७०३ मिति २०८२/१०/०२ गतेको प्राप्त पत्रानुसार यस विद्यालयमा रिक्त रहेको (प्रा.शि.)राहत अनुदान कोटामा अध्यण अध्यापण गराउन ईच्छुक तथा योग्य नेपाली नागरिकहरुबाट उक्त दरबन्दीमा करार पदमा नियूक्तिका लागि देहाय बमोजिमका विवरण अनुसार तोकिएको म्याद भित्र दरखास्त आहवान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गएको छ।

तपसिल

१. विज्ञापन नं.-०१(२०८२/०८३)
२. माग पद संख्या:-१
३. तह/श्रेणी:- प्रा.शि. राहत अनुदान कोटा १
४. न्यूनतम योग्यता:- +२ वा सो सरह हुनु पर्ने(मान्यता प्राप्त शैक्षिक संस्थाबाट/ विदेशबाट भए समकक्षता प्रमाण पत्र अनिर्वाय)
५. नियुक्तिको प्रकार:- करार
६. तलब स्केल:- प्रचलित नियमानुसार
७. दरखास्त दस्तुर:- १५००/-(एक हजार पाँच सय मात्र)
८. उमेर:- १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
९. दरखास्त फार्म बुझाउने स्थान:- सम्बन्धित विद्यालयमा बिहान १० बजेदेखि बेलुका ३ बजेसम्म ।
१०. आवश्यक कागजातहरु:- हस्तलिखित निवेदन, निवेदकको हालसालै खिचेको फोटो दुई प्रति, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि.(सबै प्रमाण पत्रको प्रतिलिपिहरु उम्मेदवारले स्वयम प्रमाणित गरि पेश गर्नु पर्ने छ)
११. परिक्षाको किसिम:- लिखित, मौखिक तथा प्रयोगात्मक ।
१२. दरखास्त दिने अन्तिम मिति:- २०८२/१०/१८ गतेसम्म
१३. सम्पर्क मिति:- २०८२/१०/१९ गते
१४. परिक्षा मिति:- परिक्षा मिति र स्थान सम्पर्क मितिको दिन तोकिनेछ ।
१५. म्याद नाघि आएको वा रित नपुगेको दरखास्त स्वत रद्ध हुनेछ ।
१६. करार सूचिमा परेको उम्मेदवारले विज्ञापन भएको मिति देखि ७ दिन भित्र ग्राहता दिने तथा ७ सात दिन कट्टी सके पछि मान्यता दिने छैन ।
१७. राजस्व यस विद्यालयको रा.बा. बैंक कलैयामा रहेको च.ही.नं. १२६०१००००११७५००१ मा बुझाई सोको सक्कल भौचर दरखास्त फर्म साथै पेश भएको हुनु पर्नेछ ।
१८. विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार शिक्षक छनौट समिति तथा वि.व्य.स. मा निहित रहनेछ । साथै थप जानकारीको लागि सम्पर्क नं. ९८४५२६६००/९८४५०३९७३९ ।

२०८२/१०/२
प्रधानाध्यापक

# अन्तर्राष्ट्रिय समाचार

## हसिनाको निष्कासनपछि बङ्गलादेश चुनावी प्रचारमा प्रवेश

*ढाका, ८ माघ*

लामो समयसम्म प्रधानमन्त्री रहनुभएकी शेख हसिनालाई अपदस्थ गरेको सन् २०२४ को विद्रोहपछि बङ्गलादेशको पहिलो राष्ट्रिय चुनावका लागि बिहीबारदेखि औपचारिक प्रचार अभियान सुरु भएको छ ।

हसिनाको निष्कासनपछि र नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारअन्तर्गत पहिलोपटक हुन लागेको फेब्रुअरी १२ मा हुने यो निर्वाचनलाई बङ्गलादेशको इतिहासमै अत्यन्त महत्त्वपूर्ण मानिएको छ । राजधानी ढाका तथा देशका अन्य भागमा प्रमुख राजनीतिक दलहरूले र्‍याली र सभामार्फत प्रचार थालेका छन् । यस चुनावमा मतदाताले प्रस्तावित राजनीतिक सुधारसम्बन्धी राष्ट्रिय चार्टरबारे पनि निर्णय गर्नेछन्।

अन्तरिम सरकारले स्वतन्त्र र निष्पक्ष चुनाव गराउने वाचा गरेको छ । तर हसिनाको पूर्व सत्तारूढ अवामी लिगलाई प्रतिबन्ध लगाएपछि सरकारको निष्पक्षतामाथि प्रश्न उठेका छन् । अवामी लिग र बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले परम्परागत रूपमा देशको राजनीतिमा प्रभुत्व जमाउँदै आएका थिए । साथै, देशको कानून(व्यवस्थाको अवस्थाबारे पनि चिन्ता व्यक्त गरिएको छ, यद्यपि सरकारले शान्तिपूर्ण मतदान हुने आश्वासन दिएको छ ।

सयौं प्रदर्शनकारीको ज्यान गएको हिंसात्मक दमनपछि शेख हसिना अगस्ट ५, २०२४ मा मुलुक छाडेर भारत पलायन हुनुभएको थियो । त्यसको तीन दिनपछि युनुसले अन्तरिम सरकारको नेतृत्व सम्हाल्नुभएको हो ।

अवामी लिग चुनाव प्रक्रियाबाट बाहिरिएपछि इस्लामवादी दल जमात-ए-इस्लामीको नेतृत्वमा रहेको १० दलीय गठबन्धनले आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरिरहेको छ । यस गठबन्धनमा विद्रोहका विद्यार्थी नेताहरूले गठन गरेको नेसनल सिटिजन पार्टी (एनसिपी) पनि सामेल छ । जमात(ए(इस्लामीले भने धर्मनिरपेक्ष समूहहरूबाट आलोचना खेप्दै आएको छ, जसले यसको भूमिकाले बङ्गलादेशको धर्मनिरपेक्ष आधारलाई चुनौती दिने बताउँदै आएका छन् ।

बिएनपीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानलाई प्रधानमन्त्री पदका प्रमुख दावेदारका रूपमा हेरिएको छ । उहाँ संयुक्त अधिराज्यमा १७ वर्ष निर्वासनमा बस्नुभएपछि गत महिना स्वदेश फर्कनुभएको हो र बिहीबार उत्तरपश्चिमी सहर सिल्हटबाट आफ्नो चुनावी अभियान सुरु गर्दै हुनुहुन्छ । यस निर्वाचनसँगै राष्ट्रिय चार्टरमा जनमतसङ्ग्रह पनि हुनेछ । अन्तरिम सरकारले यसलाई नयाँ राजनीतिक मार्गका रूपमा व्याख्या गरेको छ । सन् २०२४ को विद्रोहको नामबाट राखिएको यो चार्टर हाल बाध्यकारी छैन, तर समर्थकहरूले यसलाई संविधानको हिस्सा बनाउन जनमतसङ्ग्रह आवश्यक रहेको बताएका छन् । सरकारले यो चार्टरले शक्तिको सन्तुलन, कार्यकाल सीमा र भ्रष्टाचार नियन्त्रणजस्ता उपायमार्फत भविष्यका अधिनायकवादी शासनबाट जोगाउने दाबी गरेको छ । रासस

## ट्रम्पको कदमपछि युरोपमा राहत

*डाभोस, ८ माघ*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डसम्बन्धी आफ्नो कडा अडान नाटकीय रूपमा परिवर्तन गरेपछि युरोपेली देशहरूले बिहीबार राहतको सास फेरेका छन् । स्विट्जरल्यान्डको डाभोसमा जारी विश्व आर्थिक फोरममा सहभागी युरोपेली नेताहरूले एक दिनअघि मात्रै आठ युरोपेली राष्ट्रमा शुल्क लगाउने धम्की दिएका ट्रम्पको पछिल्लो अभिव्यक्तिलाई सकारात्मक सङ्केतका रूपमा लिएका छन् । राष्ट्रपति ट्रम्पले अब ग्रिनल्यान्ड कब्जा गर्न बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाबारे नाटोसँगको सहकार्यमा नयाँ ढाँचा तयार गर्ने बताउनुभएको छ । तर यो नयाँ ग्रिनल्यान्डसम्बन्धी समझदारीले वास्तवमा के जनाउँछ भन्ने विषयमा अझै धेरै प्रश्नहरू अनुत्तरित नै रहेका छन् ।

यसैबीच, डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले आफ्नो देशको सार्वभौमसत्तामा कुनै पनि प्रकारको वार्ता सम्भव नभएको स्पष्ट पार्नुभएको छ । अमेरिकी पक्षले ग्रिनल्यान्डमाथि बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाका लागि नाटोसँग सहकार्य गर्ने बताएको सन्दर्भमा उहाँलाई 'यस्तो कुनै प्रस्ताव नरहेको' जानकारी दिइएको उहाँको भनाइ छ । एक वक्तव्यमा उहाँले आर्कटिक क्षेत्रको सुरक्षा सम्पूर्ण नाटोको साझा विषय भएको र यसबारे अमेरिकी राष्ट्रपति र नाटो महासचिव मार्क रुटबीच छलफल हुनु स्वाभाविक भएको बताउनुभयो । उहाँले डाभोसमा राष्ट्रपति ट्रम्पसँग भेटघाट हुनु अघि र पछि समेत महासचिव रुटसँग निरन्तर सम्पर्कमा रहेको जानकारी दिनुभयो ।

डाभोसकै कार्यक्रममा अमेरिकी विशेष दूत स्टिभ विटकफले राष्ट्रपति ट्रम्पले युक्रेनका लागि 'ट्यारिफ(फ्री जोन' जस्तो अवधारणा विचार गरिरहेको खुलासा गर्नुभयो । उहाँका अनुसार यसले युद्धग्रस्त युक्रेनमा उद्योग र अर्थतन्त्रको पुनर्निर्माणमा ठूलो सहयोग पुऱ्याउन सक्छ । "राष्ट्रपतिले युक्रेनका लागि शुल्कमुक्त क्षेत्रको कुरा गर्नुभएको छ, जुन मेरो विचारमा खेल परिवर्तन गर्ने खालको हुनेछ", विटकफले युक्रेन ब्रेकफास्ट नामक साइडलाइन कार्यक्रममा भन्नुभयो । रुस-युक्रेन युद्ध अन्त्य गर्न शान्ति सम्झौताका लागि पहल गरिरहेको अमेरिकी प्रशासनको तर्फबाट विटकफले मस्को जानुअघि यी टिप्पणीहरू गर्नुभएको हो । उहाँले अबुधाबी क्षेत्रतर्फ पनि भ्रमण गर्ने योजना रहेको बताउँदै त्यहाँ सैन्य( देखि(सैन्य संवाद र समृद्धिसम्बन्धी विषयमा कार्य समूहस्तरका छलफल हुने जानकारी दिनुभयो । यता, डाभोसमा उपस्थित युरोपेली प्रतिनिधिहरूले ट्रम्पको पछिल्लो अभिव्यक्तिले तत्कालका लागि तनाव कम गरेको प्रतिक्रिया दिएका छन् । रासस

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

**जाडो तथा चिसोको समयमा:**

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- वालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्। चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं। शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

परवानीपुर गाउँपालिकाको कार्यालय
परवानीपुर,बारा

## आगो,हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकवाट नतापौं ।
- कागज,कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुती ।
- वाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा विरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र विजुलीको काम सकिना साथ बन्द गरौं।

करैयामाई गाउँपालिकाको कार्यालय
करैया, बारा

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

# ए आइ प्रविधिमा आयो नेपाली "मिरागो" योर भर्चुअल ट्रायल रुम

*साझेदारी संवाददाता*
*काठमाडौँ, ८ माघ*

एआई प्रविधिमा नेपालको उपलव्धी बढदै गएको छ। यस प्रविधिमा नेपालले मिरागो योर भर्चुअल ट्रायल रुम विकसित गरेको छ। यो रुमले आफूलाई कस्तो कपडा सुहाउँछ, कस्तो कपडा सुहाउदैन भनेर प्रष्ट गर्छ। कपडा आफूलाई सुहाउने हो की नसुहाउने भनेर समस्या परेमा यसले सहजै समस्या सुल्झाउने गर्छ। नेपाली प्रविधिको यो एक प्रकारले छलाङ्ग नै हो। यो कपडाले मलाई सुहाउँछ कि सुहाउँदैन?तयार हुने बेलामा हरेक मानिसको दिमागमा खेल्ने यही कुरा हो।आफूलाई कपडामा सजिएको आफ्नै आँखाले हेर्न पाए, के लगाउने भनेर छान्न सजिलोकोलागि मानिसले ऐनाको सहारा लिन्छन्। लुगा वा कपडा किन्दा ट्रायल रुममा पसेर लगाउनु पर्ने अवस्था नेपालमा कायमै छ। "मिरागो" यही आवश्यकतालाई अनावश्यक बनाउन एआइ टेक्नोलोजीमा केन्द्रित यस भर्चुअल ट्रायल रुम प्लेटफर्म आएको हो। मिरागोलाई प्रयोग गर्न प्रयोगकर्ताले आफ्नो फोटो र आफूलाई मनपरेको लुगाको फोटो अथवा स्क्रिनसट प्लाटफर्ममा अपलोड गर्नु पर्ने हुन्छ।




अपलोड भएको फोटो अनुसार एआइले काम गर्छ। स्वत: प्रयोगकर्ताको फोटोमा उक्त लुगा फिट गरेर नयाँफोटो बनाई दिन्छ। यसले प्रयोगकर्तालाई आफूलाई सुहाउने लुगा छान्न सहज हुनेछ। अनलाईन सपिङबाट सामान किनेपछि निम्तिने निराशालाई अन्त्य गर्न सहयोग गर्ने जनाइएको छ।पुरानो तरिकाले अनलाइनमा मन परेका लुगाहरु किनेर लगाएपछि मन नपर्ने, नसुहाउने समस्या एकैसाथ समाधान हुने विश्वास रहेको छ। विवाह, पार्टी अथवा कुनै पनि प्रकारका पहिरन छान्न र आफ्नो स्टायल पहिचान गर्न मिरागोले सहयोग गर्ने विश्वास प्लाटफर्म निर्माणकर्ताहरुको रहेको छ।

नेपालमै निर्मित यस भर्चुअलएआइ प्लाटफर्म केवल नेपालकालागिमात्रनभएर संसारकै लागि एक उपयोगी साधन बन्ने विश्वास मिरागो प्लाटफर्म निर्माणकर्ताको छ। विद्यार्थी, कर्परेट कर्मचारी, कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरका साथसाथै आममानिसलाई यो लक्षित रहेको छ। यस प्लाटफर्मले ड्रेसिङलाई थप सहज र रोचक बनाउनेछ। यसलाई प्ले स्टोर, एप स्टोर दुवैबाट डाउनलोड गरेर प्रयोग गर्न सकिने निर्माणकर्ताहरु बताउँछन्। वेववाट वेवसाइट मार्फत समेत प्रयोग गर्न सकिने छ। यस प्लाटफर्म अन्तराष्ट्रिय स्तरमा जानु पूर्व पहिलो चरणमा नेपालमा सार्वजनिक भएको हो। यसको युजर इन्टरफेस नेपाली प्रयोगकर्तालाई प्राथमिकतामा राखेर बनाइएको हो। नेपालमा बनेको प्लाटफर्ममा अन्तराष्ट्रिय स्तरको टेक्नोलोजी र युजर इन्टरफेसको अनुभव गर्न सकिन्छ भन्ने कुरालाई यस प्लाटफर्मले पुष्टि गर्ने निर्माणकर्ताको विश्वास छ। कहाँ जाँदा के लगाउने, कस्तो लुगा लगाउने?किन्ने कि नकिन्ने लगायत सम्पूर्ण प्रश्नका उत्तर एकै प्लाटफर्म मार्फत पाउन सकिने छ। यसले प्रयोगकर्ताको गोपनियता र त्यसको सुरक्षालाई समेत प्राथमिकतामा राखेको छ। जीवनलाई सहज बनाउनेमा निर्माणकर्ताहरु विश्वस्त छन्।


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# वैदेशिक रोजगारप्रति सकारात्मक भाष्य निर्माण गर्नुपर्नेमा जोड

*काठमाडौँ, ८ माघ*

समाजको आर्थिक पक्षमा मात्रै नभई सामाजिक पक्षमा समेत महत्त्वपुर्ण योगदान पुर्‍याँउदै आएको वैदेशिक रोजगार क्षेत्रप्रति सकारात्मक भाष्य निर्माण गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले आज यहाँ आयोजना गरेको "वैदेशिक रोजगारको भाष्य विनिर्माण" कार्यक्रमका वक्ताहरुले वैदेशिक रोजगारको सकारात्मक पक्षबारे आफ्ना धारणा राखेका थिए । उक्त कार्यक्रममा पत्रकार, मानव अधिकारकर्मीलगायतको उपस्थिति थियो । कार्यक्रममा सञ्जालका अध्यक्ष अधिवक्ता कृष्णप्रसाद न्यौपानेले



आप्रवासनमा जानेहरुलाई मानवीय दृष्टिले हेरिनु पर्ने बताउनुभयो । विदेश जानु कुनै अपराध नभएकाले त्यहाँबाट प्राप्त सीप र ज्ञानको सही सदुपयोग गर्नेतर्फ राज्यले सोच्नुपर्ने उहाँको भनाइ थियो ।

बाँकी तेस्रो पृष्ठमा


## Devtal Rural Municipality

### Office of Rural Municipal Executive

**Pipradhi Goth, Bara**

**Madhesh Pradesh (NEPAL)**

## Invitation for Bids

*First Date of Publication: 2082/10/09*

1. The Government of Madhesh province has allocated funds towards the cost of Project Mention below and intends to apply part of the funds to cover eligible payments under the contract Bidding is open to all eligible Nepalese.
2. Devtal Rural Municipality, Bara invites sealed bids from eligible bidders for the Procurment of as mentioned below under **Sealed quotation procedures.**

| Contract ID No. | Project Name | Estimated amout(Excluding Vat) | Bid Security | Bid documents Cost |
|---|---|---|---|---|
| DRM/NCB/SQ/08/082/083 | औषधि खरिद (पशु तर्फ) | 14,99,916.00 | 45,000.00 | 1,000 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Devtal Rural Municipality, Pipradhi Goth, Bara Office.
4. A complete set of Bidding Documents may be purchased from the Devtal Rural Municipality, Pipradhi Goth, Bara Office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till **2082/10/23.**Bidder who chooses to submit their bid may purchase the hard copy of the bidding documents From Devtal Rural Municipality, Pipradhi Goth, Bara Office.

**Information to Deposit Bid documents Cost in Bank:**

Name of the Bank: - Siddharth Bank Ltd. Devtal Branch.

Office Account no.: GA.1.1.Rajasaw. 00215740156

**Information to deposit Bid Security in Bank:**

Name of the Bank: - Siddharth Bank Ltd. Devtal Branch.

Office Account no.: Ga.3. Dharauti. 00215369660

5. Sealed bids must be submitted to the Office of Devtal Rural Municipality, Pipradhi Goth, Bara by hand/courier on or before 12:00 Hrs on **2082/10/24**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on **2082/10/24**.at the Office of Devtal Rural Municipality, Pipradhi Goth, Bara Office. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

*Chief Administrative Officer*



जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।

देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश